कोन्ज्योसोम गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
स्थापनाः २०७३
बागमती प्रदेश, नेपाल।

प.सं. २०७९/०८०
च.नं. (आ.प्र.शा)

मितिः २०८०/०२/२१

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

विषयः भुक्तानी बन्द हुने सम्बन्धमा ।

श्री सरोकारवाला सबै,
कोन्ज्योसोम गाउँपालिका, ललितपुर।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० (१) बमोजिम नियमावलीले फ्रिज नहुने भनी तोकेको शीर्षक बाहेक अन्य सबै प्रकारका भुक्तानी दिनु पर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी निकासा बन्द गर्नुपर्ने व्यवस्था रहेको हुँदा यस कार्यालयबाट भुक्तानी हुन बाँकी विषयगत शाखा, कार्यालय, उपभोक्ता समिति, निर्माण व्यवसायी, विद्यालय, गैर सरकारी संस्था, सहकारी संस्था, व्यावसायिक फर्म लगायतका सम्पूर्ण व्यक्तिहरुले मिति २०८०/०३/१५ गते भित्र नियमानुसारका सबै कागजात तयार गरी भुक्तानीका लागि पेश गर्नहुन अनुरोध छ । तोकिएको समय सिमा भित्र कार्यालयमा भुक्तानीका लागि कागजात पेश नभएमा/भुक्तानी नलिएमा यस गाउँपालिकाको कार्यालय जवाफदेही नहुने व्यहोरा/समेत जानकारीका लागि अनुरोध छ ।

.....................
तप्तराज उपाध्याय
(लेखा अधिकृत)

.....................
टेक बहादुर बुढथापा
(प्रमुख प्रशासकीय अधिकृत)

बोधार्थ
श्री शाखा सबै, कोन्ज्योसोम गाउँकार्यपालिकाको कार्यालय ।
श्री वडा कार्यालय सबै, कोन्ज्योसोम गाउँपालिका ।
श्री सूचना प्रविधि शाखा, सूचना वेबसाईट/फेसबुकमा अपलोड गर्नुहुन ।